## विद्युत लोड स्वीकृति तथा लाइन जडान सम्बन्धमा ग्राहक महानुभावहरुलाई अत्यन्त जरुरी सूचना!

( प्रकाशित मिति: २०७८ कार्तिक ९ गते)

नेपाल विद्युत प्राधिकरण ग्राहक महानुभावहरुलाई छिटोभन्दा छिटो विद्युत सेवा उपलब्ध गराउन प्रयासरत रहि आएको छ । यस क्रममा विद्युत खपत बढी हुने उद्योग व्यबसाय तथा अन्य निकायहरुलाई प्रचलित विनियमावलीमा रहेको व्यबस्था अनुसार थप लोड वा नयां लोड उपलब्ध गराऊंदा तपसिलमा उल्लेख भए अनुसारको समय सिमा भित्र विद्युत सेवा उपलब्ध गराउन तथा कुनै प्राविधिक कारणबाट मागभएको विद्युत दिन नसकिने अबस्था भएमा सो को लिखित जानकारी सम्बन्धित ग्राहक तथा तालुक कार्यालयलाई दिन विद्युत प्राधिकरणका मातहतका सबै वितरण केन्द्रहरुलाई निर्देशन दिइएको छ। अत: विद्युत लोड स्वीकृतिका सम्बन्धमा ग्राहक महानुभावहरुलाई कुनै कठिनाई भए वितरण तथा ग्राहक सेवा निर्देशनालयको टेलिफोन नंबरहरु ०१४१५३१४५, ०१४१५३१५० तथा मोवाइल नंवर ९८५१३२२११७ मा सिधै जानाकारी गराउनुहुन विनम्र अनुरोध छ ।

**तपसिल**

| भोल्टेजको किसिम | लोड स्वीकृती तथा लाइन जडान सम्बन्धि समयावधि |
|---|---|
| ४०० भोल्ट (थ्री फेज) | * मौजुदा वितरण संरचनाबाट दिन सकिने भए ७ दिन भित्र र TOD तथा Smart मिटर लिने ग्राहकको हकमा १० (दश) दिन भित्र लोड स्वीकृत गरी लाइन जडान गरी दिने।<br>* मौजुदा वितरण संरचना ने.वि.प्रा.ले विस्तार/ स्तरोन्नती गर्नुपर्ने भए आवश्यक प्रक्रिया अवलम्बन गरी विस्तार/ स्तरोन्नती हुनासाथ तुरुन्त लाइन जडान गर्ने।<br>* मौजुदा वितरण संरचनामा ग्राहक स्वयंले नै विस्तार/ स्तरोन्नती गर्नुपर्ने भए आबश्यक प्रक्रिया अवलम्बन गरी विस्तार/ स्तरोन्नती सम्पन्न भएको मितिले ३ (तीन) दिन भित्र लाइन जडान गर्ने । |
| ११ तथा ३३ के.भि. (GIS गर्नु नपर्ने) | * मौजुदा वितरण संरचनाबाट दिन सकिने भए १० ( दश) दिन भित्र लोड स्वीकृत गरी लाइन जडान गरि दिने।<br>* मौजुदा वितरण संरचना ने.वि.प्रा.ले विस्तार/ स्तरोन्नती गर्नुपर्ने भए आबश्यक प्रक्रिया अबलम्बन गरी विस्तार/ स्तरोन्नती हुनासाथ तुरुन्त लाइन जडान गर्ने।<br>* मौजुदा वितरण संरचनामा ग्राहक स्वयंले नै विस्तार/ स्तरोन्नती गर्नुपर्ने भए आबश्यक प्रक्रिया अबलम्बन गरी विस्तार/ स्तरोन्नती सम्पन्न भएको मितिले ३ (तीन) दिन भित्र लाइन जडान गर्ने ।<br>* ३३ के.भि.बाट दिइने (GIS गर्नु नपर्ने) लोड सम्बन्धित प्रादेशिक प्रमुखले आवश्यक प्रक्रिया अबलम्बन गरी वितरण केन्द्रबाट सिफारिस प्राप्त भएको मितिले ३ (तीन) दिन भित्र स्वीकृत गर्ने र वितरण केन्द्रले स्वीकृत भएको जानकारी प्राप्त गरेको बढीमा २ |

| | |
|---|---|
| | दिन भित्र विद्युत लाइन जडान गरिदिने । |
| ११ तथा ३३ के.भि. (GIS गर्नु पर्ने) | * ग्राहकले GIS गर्नकालागि आवश्यक प्रक्रिया पूरागरी दस्तुर बुझाएको मितिले ३ दिन भित्र प्रादेशिक कार्यालयमा टिप्पणि पेश गर्ने र प्रादेशिक कार्यालयले पनि ३ दिन भित्र वितरण तथा ग्राहक सेवा निर्देशनालयमा पेश गर्ने ।... |

नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय

०६८।६।८।